बैठक संख्याः ४८

मितिः- २०८३।०३।२४

समयः दिनको ११.०० बजे

स्थानः सिंजा गाउँपालिका नराको,जुम्ला

उपरोक्त मिति,समय र स्थानमा सिंजा गाउँपालिका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यापालिका सदस्यहरुको समेत उपस्थितीमा बसेको बैठकले देहाय बमोजिमका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| सि. नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | श्री पूर्ण प्रसाद धिताल | | |
| २ | गाउँपालिका उपाध्यक्ष | श्री सितली रोकाया | | |
| ३ | १ नं वडा अध्यक्ष | श्री हरीनन्द आचार्य | | |
| ४ | २ नं वडा अध्यक्ष | श्री तिर्थ वड | | |
| ५ | ३ नं वडा अध्यक्ष | श्री सुरत बहादुर रावत | | |
| ६ | ४ नं वडा अध्यक्ष | श्री रन्जित बुढा | | |
| ७ | ५ नं वडा अध्यक्ष | श्री कृष्ण बहादुर रोकाया | | |
| ८ | ६ नं वडा अध्यक्ष | श्री लाल बहादुर बुढा | | |
| ९ | कार्यापालिका सदस्य | श्री राजपुरा दमाई | | |
| १० | कार्यापालिका सदस्य | श्री रुपकेउडा बिष्ट | | |
| ११ | कार्यापालिका सदस्य | श्री दन्ता कामी | | |
| १२ | कार्यापालिका सदस्य | श्री मागी वड | | |
| १३ | कार्यापालका सदस्य | श्री हरिचन्द्र सार्की | | |
| १४ | कार्यापालिका सदस्य | श्री मोति दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत | श्री टेक बहादुर शाही | | |

**निर्णय नं १.**

सिंजा गाउँपालिकामा मिति २०८३।०३।२३ गते राती परेको अबिरल बर्षाका कारणले वडा नं १ देखि ६ सम्मका ग्रामीण सडकहरु पूर्णरुपमा क्षति भएकाले सम्बन्धित वडाको प्राबिधिकबाट लागत अनुमान अनुशार मर्मत गर्ने कार्य गरी सडकहरु सुचारु गर्ने निर्णय गरियो।

**निर्णय नं. २.**

सिंजा गाउँपालिका अन्तर्गत सामुदायिक बिद्यालयहरुमा कार्यरत बिद्यालय कर्मचारी र प्रारम्भिक बालबिकास शिक्षकहरुको(ECD) निबेदन उपर आबश्यक छलफल गर्दा मासिक रु. २०००।(दुई हजार)मात्र पारिश्रमिक २०८३ श्राबण देखि बृद्धि गर्ने निर्णय गरियो।

**निर्णय नं.३.**

सिंजा गाउँपालिका अन्तर्गतका सामुदायिक बिद्यालयमा कार्यरत प्रधानाध्यापकहरुको निबेदन उपर आबश्यक छलफल गर्दा निजहरुले खाईपाई आएको साविकको प्र.अ. भत्ता मा शत प्रतिशत २०८३ श्राबण देखि बृद्धि निर्णय गरियो।